# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !**

**(सूचना नं. ०१/२०८३-०८४, मितिः २०८३/०४/०४)**

आर्थिक वर्ष २०८२/०८३ मा यस जोरायल गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरूबाट सम्पादन गरिएका विकास निर्माणका कार्यहरु, बजेट खर्चको अवस्था तथा प्रवाह गरिएका सार्वजनिक सेवाहरूको प्रभावकारिता एवं गुणस्तरीयताका विषयमा नागरिकहरूसँग प्रत्यक्ष दोहोरो संवाद कायम गरी सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने उद्देश्यले "वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम" सञ्चालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम गाउँपालिका स्तरमा निष्पक्ष, प्रभावकारी एवं सर्वपक्षीय सहभागिता सुनिश्चित हुने गरी सञ्चालन तथा सहजीकरण गर्नका लागि प्रचलित कानुन बमोजिम दर्ता भएका र आवश्यक योग्यता पुगेका इच्छुक सेवाप्रदायक फर्म वा संस्थाहरुबाट तपसिलका शर्तहरूको अधीनमा रहने गरी सिलबन्दी प्रस्ताव आह्वान गरिएको छ।

**तपसिलः**

| क्र. सं. | खरिद गर्नुपर्ने सेवाको विवरण | अनुमानित लागत (भ्याट सहित) | प्रस्ताव पेश गर्ने अन्तिम मिति | प्रस्ताव खोलिने मिति |
|---|---|---|---|---|
| १ | वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन तथा सहजीकरण सेवा | रु.१,५०,०००/- | २०८३/०४/१० गते अपरान्ह ५:०० बजेसम्म | २०८३/०४/१० गते अपरान्ह ५:३० बजे |

**१. प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

- संस्था/फर्म दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- पछिल्लो आर्थिक वर्ष (आ.व. २०८२/०८३) को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- कार्यक्रम सहजकर्ता/जनशक्तिको व्यक्तिगत विवरण तथा शैक्षिक/कार्य अनुभवका प्रमाणपत्रहरू।
- सम्बन्धित क्षेत्रमा कार्य गरेको अनुभवको विवरण।
- कार्यक्रम सञ्चालनको ढाँचा, कार्यतालिका तथा वर्गीकरण सहितको प्रस्ताव।
- प्रस्तावदाताको आधिकारिक हस्ताक्षर तथा छाप सहितको निवेदन।
- सम्बन्धित अन्य आवश्यक कागजातहरु।

**२. सेवाप्रदायक संस्थाले सम्पादन गर्नुपर्ने मुख्य कार्यहरू:**

- सार्वजनिक सुनुवाइ कार्यक्रम सुरु हुनुभन्दा अगावै स्थानीय सञ्चारमाध्यम, सामाजिक सञ्जाल र सार्वजनिक स्थलहरूमा सूचना प्रवाह एवं प्रचार-प्रसार गर्ने।
- गाउँपालिकाको सेवा प्रवाहका विषयमा नागरिकहरूबाट बढीभन्दा बढी पृष्ठपोषण, सवाल-जवाफ र जिज्ञासाहरू आउने गरी तटस्थ एवं निष्पक्ष रूपमा कार्यक्रमको सहजीकरण गर्ने।
- कार्यक्रमका लागि आवश्यक ब्यानर, मञ्च व्यवस्थापन, स्टेशनरी, माइक, साउन्ड सिस्टम तथा सहभागीहरूका लागि खाजाको उचित व्यवस्थापन गर्ने।
- कार्यक्रम सम्पन्न भएपश्चात् भिडियो, फोटो, नागरिक सन्तुष्टि फारम, बहिर्गमन अभिमत सहितको विस्तृत प्रतिवेदन तयार गरी गाउँपालिकामा बुझाउने।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**३. अन्य शर्तहरु:**

- प्रस्ताव सिलबन्दी खाममा राखी तोकिएको मिति र समयभित्र यस कार्यालयमा दर्ता गराउनुपर्नेछ।
- आर्थिक प्रस्तावमा कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्नेछ।
- म्याद नाघी आएका वा रीत नपुगी पेश हुन आएका प्रस्तावहरूमाथि कुनै कारबाही गरिने छैन।
- प्रस्तावको मूल्याङ्कन गरी न्यूनतम लागत कबोल गर्ने उपयुक्त प्रस्तावदातालाई छनोट गरिनेछ।
- सूचना बमोजिम प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ।
- छनोट भएको सेवा प्रदायकले गाउँपालिकासँग सम्झौता गरी तोकिएको शर्त तथा समयसीमाभित्र कार्य सम्पन्न गर्नुपर्नेछ।
- यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछन्।
- थप जानकारीका लागि कार्यालय समयभित्र जोरायल गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

Email: jorayalrlmp@gmail.com Phone: 9858427654 Website: jorayalmun.gov.np